## प्रदेश नं. १, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ बमोजिम गठित प्रदेशस्तरीय अनुगमन तथा मुल्याङ्कन समितिको मिति २०७९/०१/२५ गते बसेको बैठकको निर्णय

१. सरकारी निकायबीच विद्युतीय माध्यम (ईमेल) बाट चिठ्ठीपत्र, सूचना, निर्णय, कागजात तथा अन्य विवरण आदान प्रदान गरी छिटो छरितो निर्णय गर्न, सेवा प्रवाहमा सहजता ल्याउन, कागज विहीन कार्यालयको उद्देश्य हासिल गर्न तथा सरकारी काम कारवाहीको अभिलेख सुरक्षित राख्न नेपाल सरकारले स्वीकृत गरेको सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ बमोजिम सबै प्रदेश मन्त्रालय, आयोग, प्राधिकरण तथा प्रदेश सरकारी कार्यालयले आधिकारिक सरकारी ईमेल प्रणाली अनिवार्य रुपमा लागु गर्ने गराउने।

२. सरकारी कार्य फछ्र्यौटका लागि गरिएको पत्राचार लगायतका अन्य कामकारवाहीका सम्बन्धमा पत्रको विषयको गाम्भिर्य बमोजिम सबै प्रदेश मन्त्रालय, आयोग, प्राधिकरण तथा प्रदेश सरकारी कार्यालय/निकायले प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ र प्रदेश नं. १, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ बमोजिम अनिवार्य रुपमा कार्य फछ्र्यौट गर्ने। सम्बन्धित कार्यालय प्रमुखले सो को नियमित अनुगमन गर्ने गराउने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तर्जुमा गरिएको प्रदेश निजामती कर्मचारीलाई पुरस्कृत गर्ने, उत्कृष्ट कार्यालय छनौट गर्ने र सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण गर्ने सम्बन्धी कार्यविधि उपर सबै मन्त्रालयले समयमै राय, सुझाव उपलब्ध गराउने।

४. सबै मन्त्रालय, आयोग, सरकारी निकाय वा प्रदेश सरकारी कार्यालयले मिति २०७८/०५/१७ गतेको प्रदेश अनुगमन तथा मूल्याङ्कन समितिको बैठकको निर्णय नं. २ बमोजिम तोकेको प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी (नोडल अधिकृत) को कार्य विवरण तोक्ने र आ-आफ्नो वेभसाइटमा निजहरुको नाम, सम्पर्क नम्बर लगायतको विवरण सार्वजनिक गर्ने। सोही बमोजिम प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी (नोडल अधिकृत) का लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने।

५. प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठक व्यवस्थापन र काम कारवाहीलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन तयार गरिएको प्रदेश नं. १, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम २९ को उपनियम (३) बमोजिम प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गरियो।

६. प्रदेशस्तरीय अनुगमन तथा मुल्याङ्कन समितिको मित २०७८/०५/१७ गतेको कार्यान्वयन हुन बाँकि निर्णय यथासीघ्र कार्यान्वयन गरी सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाउने।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

२०७९।१।२५

प्रमुख सचिव